मिति २०७३।१।१२

# २०७३ साल साउन सत्रमा विद्यावारिधि (Ph.D.) कार्यक्रमका लागि आवेदन माग गरिएको सूचना

यस मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत २०७३ साल साउन सत्रमा विद्यावारिधि उपाधिका लागि शोधकार्य गर्न चाहने उम्मेदवारहरुले संकायको लेखा शाखामा सम्पर्क गरी देहायको विवरण अनुसार दरखास्त पेस गर्न यो सूचना प्रकाशित गरिएको छ :

१) फारम दर्ता गर्ने मिति २०७३ साल वैशाख १५ गते देखि जेठ १५ गतेसम्म र सो दिन विदाको दिन परेमा सोको भोलिपल्ट सम्म हुनेछ र विलम्व शुल्क तिरेर जेठ २३ गतेसम्म हुनेछ।

२) आवेदन दिनेहरुको न्यूनतम योग्यता तथा पेस गर्नु पर्ने कागजातहरु निम्नानुसार हुने छ :

क) विद्यावारिधि गर्न चाहेको विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर वा सो सरहको परीक्षा उतीर्ण गरेको हुनु पर्दछ। नेपाली, अङ्ग्रेजी, अर्थशास्त्र, जनसंख्या अध्ययन, मानवशास्त्र तथा समाजशास्त्र विषयमा भने दर्शनाचार्य (M.Phil.) परीक्षा समेत उतीर्ण गरेको हुनु पर्दछ। तर त्रिभुवन विश्वविद्यालयमा पूर्ण कालीन सेवामा कार्यरत व्यक्तिहरुको हकमा भने दर्शनाचार्य (M.Phil.) गरेको छैन भने पनि अविच्छिन्न रुपमा सात वर्ष पूरा सेवारत हुनु पर्दछ। त्रि. वि. बाहेकका विश्वविद्यालयबाट परीक्षा उतीर्ण गरेको भए त्रि.वि. समकक्षता प्रमाणपत्र पेश गर्नु पर्ने छ।

ख) एम फिल नगरेका उम्मेदवारहरुले शोध प्रस्तावसँग शोधकार्य गर्न खोजेको विषय /क्षेत्रसंग सम्बन्धित २५०० देखि ३००० शब्दसम्मका अनुसन्धानमूलक ३ वटा मौलिक (एकल रचना भएको) लेखहरु प्रस्तुत गर्नु पर्ने छ। ती मध्ये कम्तीमा एउटा लेख नेपाली वा विदेशी अनुसन्धानमूलक जर्नलमा प्रकाशित भएको हुनु पर्दछ। दैनिक समाचार पत्रिका, साप्ताहिक, मासिक पत्रिका, राजनीतिक दलका मुखपत्रहरुमा प्रकाशित लेखहरु वा दैनिकी लेखहरु शोध प्रयोजनार्थ मान्य हुने छैनन्। माथि उल्लिखत एम फिल भएका विषयहरुमा त्रि. वि मा पूर्णकालीन सेवामा सेवारत व्यक्तिको हकमा यदि एम फिल नगरेको भए ३ वटा लेखहरु र कम्तीमा दईवटा लेखहरु अनुसन्धानमूलक जर्नलमा प्रकाशित भएको हुनु पर्दछ। एम फिल गरेका शोधार्थीहरुले शोध प्रस्तावसँगै एम फिल शोध प्रवन्धको सार संक्षेप (Executive Summary) पेस गर्नु पर्ने छ।

ग) एम फिल भएका विषयमा एम फिल नगरी विद्यावारिधि गर्न चाहनेले त्रि.वि.मा स्थायी सेवामा कार्यरत रहेको भए नियुक्ति पत्र र सम्बन्धित क्याम्पसको वा कार्यरत निकायको सिफारिस निवेदन साथ पेश गर्नु पर्नेछ। यदि स्थायी सेवामा नभएको भए नियुक्ति पत्र, अन्तिम म्यादथपको पत्रका साथ अविच्छिन्न सेवामा रहेको भन्ने सम्बन्धित कार्यरत निकाय वा क्याम्पसको आधिकारिक सिफारिस पत्र पनि पेस गर्नु पर्ने छ।

३) विद्यावाधिरिधिका लागि आवेदन दिन खुल्ला गरिएका विषयहरुः

क) अङ्ग्रेजी, ख) नेपाली, ग) मैथिली, घ) नेपाल भाषा, ङ) हिन्दी, च) भाषा विज्ञान, छ) मनोविज्ञान, ज) गृहविज्ञान, झ) अर्थशास्त्र, ञ) राजनीति शास्त्र, ट) भूगोल, ठ) इतिहास, ड) नेपाली इतिहास, संस्कृति तथा पुरातत्व, ढ)जनसंख्या अध्ययन, ण)ग्रामीण विकास, थ) समाजशास्त्र, द) मानवशास्त्र, ध) संस्कृत, न) पत्रकारिता, प) बौद्ध अध्ययन, फ) पुस्तकालय विज्ञान, ब) लैङ्गिक अध्ययन ।

प्रा. डा. राजकुमार पोखरेल

सहायक डीन